का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १८, अंक १३३
❒ २६ असार २०७७, शुक्रबार
❒ 10 July 2020, Friday
www.madhyanhadaily.com
पृष्ठ ४ मूल्य रु. ५/-

मध्यान्ह
Madhyanha National Daily
राष्ट्रिय दैनिक

अपडेट: बिहीबार साँझसम्म

नेपालमा	संक्रमित	निको भएको	परीक्षण गरिएको	आइसोलेसनमा	मृत्यु
	१६५३१ जना	७८९१ जना	२७११४५	८६०५	३५ जना

स्रोत : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

विश्वभर	संक्रमित	निको भएको	मृत्यु भएको	उपचारत
	१ करोड २२ लाख ३१ हजार	७१ लाख ११ हजार	५ लाख ५३ हजार	४५ लाख ६६ हजार

स्रोत : वर्ल्डोमिटर डटकम

फुकेन डेडलक

■ दोस्रो तहका नेताहरुको मुडः नेतृत्व नसच्चिए हस्तक्षेप
■ वार्ताहीन बिहीबार, आजको स्थायी कमिटी अनिश्चित

नेकपा भित्रको विवादका कारण देश नै डेटलकमा परेपनि बिहीबार शीर्ष नेताहरूबीच सामान्य सम्वाद समेत हुन सकेन । बरू, दोस्रो तहका नेताहरू छलफलमा जुटेर नेतृत्व नसच्चिए हस्तक्षेपको चेतावनी दिएका छन् ।

मध्यान्ह संवाददाता
काठमाडौं, २५ असार ।

आन्तरिक कलहका कारण सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को स्थायी कमिटी बैठक लगातार चार पटक स्थगित भइसकेको छ । प्रधानमन्त्री केपी शर्मा ओलीले संसद अधिवेशन अन्त्य गरेपछि अवरुद्ध बनेको नेकपा बैठक फेरि बस्न सकेको छैन । बुधबार स्थगित बैठक आज एघार बजे बोलाइएको छ ।

तर, आजको बैठक पनि बस्ने निश्चित छैन । किनभने, बिहीबार शीर्ष नेताहरु बीच कुनै सम्वाद हुन सकेन । कार्यकारी अध्यक्ष पुष्पकमल दाहाल प्रधानमन्त्री ओलीलाई भेट्न बालुवाटार जाने कार्यक्रम तय भएको थियो । तर, प्रचण्ड बिहीबार बालुवाटार गएनन् । यसअगाडि भने दुई अध्यक्ष ओली र प्रचण्ड बीच लगातार सम्वाद हुँदै आएको थियो ।

असार १७ गते प्रधानमन्त्री ओलीले सभामुख अग्निप्रसाद सापकोटालाई समेत जानकारी नदिइ बैठक स्थगित गरेपछि नेकपा बैठक डेटलकमा परेको छ । प्रधानमन्त्री ओलीकै निर्देशनमा युवा-विद्यार्थीले प्रधानमन्त्रीको पक्षमा सडक प्रदर्शन गर्दै आएका छन् । प्रधानमन्त्री ओलीले मदन जयन्तीका अवसरमा आफूलाई पदबाट हटाउन भारतीय दूतावास सक्रिय भएको र नेपालका नेताहरुले समेत राजीनामा मागेको भन्ने अभिव्यक्ति दिएपछि प्रधानमन्त्री र अध्यक्ष पदबाट उनको राजीनामा मागिएको छ । तर, दुवै पद नछोड्ने दावी प्रधानमन्त्री ओलीले गरिरहेका छन् ।

हस्तक्षेपको संकेत

शीर्ष नेताहरुबीच सम्वाद हीनताको अवस्था सिर्जना भइरहेका बेला दोस्रो तहका नेताहरुले भने नेतृत्व नसच्चिए हस्तक्षेपको संकेत दिएका छन् । बिहीबार सिंहदरबारस्थित कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा बसेको दोस्रो तहका नेताहरुले हस्तक्षेपको संकेत दिएका हुन् । उनीहरुले पार्टी एकता जोगाउने र आवश्यक परे हस्तक्षेपको संकेत गरेका हुन् । दोस्रो तहका नेताहरुमा घनभुसाल, प्रदीप ज्ञवाली, योगेश भट्टराई, मणि थापा, वर्षमान पुन, सुरेन्द्र पाण्डे, विष्णु रिमाल, टोपबहादुर रायमाझी लगायत एघार जना छन् । यो समूहको नेतृत्व कृषि मन्त्री रहेका भूसालले गरिरहेका छन् ।

उनीहरुले पार्टी एकतालाई असर पार्नेगरी सडक प्रदर्शन, धर्ना लगायत रोक्ने निर्णय गरेका छन् । भेला पछि दोस्रो तहका नेताहरुको तर्फबाट भूसालले अध्यक्ष द्वय केपी शर्मा ओली, पुष्पकमकल दाहाल लगायत शीर्ष नेताहरुलाई भेटेका थिए । बिहीबारको छलफल पछि भूसालले दोस्रो तहका नेताहरु एकतालाई असर पार्ने सबै गतिविधि रोक्नुपर्ने निष्कर्ष निकालेको हो ।

सिन्धुपाल्चोक पहिरोमा १८ बेपत्ता

दुई शव पहिचान, पाँच गम्भीर घाइते

सिन्धुपाल्चोकको बाह्रबिसेमा पहिरो जाँदा दुई जनाको मृत्यु, पाँच जना गम्भीर घाइते भएका छन् भने १८ जना बेपत्ता भएका छन् ।

मध्यान्ह संवाददाता
काठमाडौं, २५ असार ।

गए राति अविरल वर्षासँगै ठाडो खोलामा आएको बाढीबाट सिन्धुपाल्चोकको जम्बु, खागदल र बुलकोटेमा मृत्यु भएका दुई जनाको सनाखत भएको छ । मृत्यु हुनेमा बाह्रबीसे नगरपालिका -५ जम्बुका २० वर्षीय निकेश बस्नेत र उनकी तीन वर्षीया छोरी रहेको र दुवैको शव फेला परेको प्रहरी नायब उपरीक्षक माधवप्रसाद काफ्ले जानकारी दिए ।

घटनामाा १८ जना बेपत्ता तथा पाँच जना गम्भीर घाइते भएका छन् । घटनास्थलमा बिहीबार साँझसम्म नै नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीबाट उद्धार खटिएका छन् । भोटेकोशी नदीको बाढीले अरनिको राजमार्गका विभिन्न ठाउँमा कटान गरेपछि आवागमन अवरुद्ध भएको प्रहरीले जनाएको छ । प्रहरी सूचना अधिकारी काफ्लेका अनुसार जम्बुमा ११ घर र खागदलमा सानाठूला गरी २० घर टहरा बगाउनाका साथै पक्की पुलसमेत बगेका छन् । जम्बुका तीन गम्भीर घाइतेलाई उपचारका लागि हेलिकप्टरबाट राजधानी ल्याइएको छ ।

भोटेकोशी गाउँपालिका -५ बुलकोटेमा स्थानीय

बाँकी पृष्ठ २ मा

सार्वजनिक यातायात सञ्चालनमा

गएको चैत ११ गतेदेखि बन्द गरिएको सार्वजनिक सवारी साधन सञ्चालनमा ल्याउने सरकारले निर्णय गरेको छ । तर, लामो दूरीको सवारी भने चल्ने छैन भने छोटो दूरीको सवारीमा पनि कडा सावधानी अपनाउनुपर्नेछ ।

मध्यान्ह संवाददाता
काठमाडौं, २५ असार ।

सरकारले छोटो दूरीमा सार्वजनिक यातायात सञ्चालनमा ल्याउन दिने भएको छ । कोरोना सङ्क्रमण फैलनसक्ने भन्दै गत चैत ११ गतेदेखि बन्द भएको सार्वजनिक सवारी साधन आंशिक रुपमा सञ्चालन गर्न दिने निर्णय भएको हो ।

असार २३ गते बसेको मन्त्रिपरिषद्को बैठकले सम्पूर्ण स्वास्थ्य मापदण्ड पूरा गरेर सवारी साधन चल्न दिने निर्णय गरेको सरकारका प्रवक्ता डा युवराज खतिवडाले बताए । कोरोनाको सङ्क्रमण हुने जोखिमलाई न्यून गर्दै सम्पूर्ण सुरक्षाका मापदण्ड पूरा गरेर सवारी साधनमा ५० प्रतिशत मात्रै यात्रु राखेर सञ्चालन गर्न दिइने भएको छ । काठमाडौं उपत्यकाभित्र र बाहिरको हकमा सम्बन्धित जिल्लामा मात्रै सार्वजनिक सवारी साधन चल्न सक्नेछन् । सञ्चार तथा सूचना प्रविधिमन्त्री डा खतिवडाले सार्वजनिक यातायात सञ्चालनका लागि तयारी गर्नुपर्ने भएकाले केही दिन लाग्नसक्ने तर ट्याक्सीका हकमा भने तत्कालैबाट चल्नसक्ने जानकारी दिनुभयो ।

विश्वव्यापी महामारीको रुप लिएको कोभिड-१९ को संक्रमण सम्बन्धमा नेपाल सरकार मन्त्रिपरिषद्को गत जेठ २८ गते र असार १५ गतेको निर्णयानुसार संक्रामक रोग ऐन, २०२० को दफा २ बमोजिम जारी भएको आदेशमा केही हेरफेर गरिएको अर्थमन्त्री डा खतिवडाले जानकारी दिए ।

सोही व्यवस्थाबमोजिम काठमाडौं उपत्यकाभित्र र अन्य जिल्लाको हकमा सम्बन्धित जिल्लाभर मात्र सञ्चालन हुने यात्रुवाहक सवारी साधनका हकमा व्यवस्था लागू हुनेछ ।

काठमाडौं उपत्यकाभित्र र अन्य जिल्लाको हकमा सम्बन्धित जिल्लाभित्र मात्र जोर-बिजोर प्रणालीमा सञ्चालन हुने गरी निजी सवारी साधन सञ्चालन हुन सक्नेछ । निजी सवारी साधनमा चालकबाहेक थप दुई जनासम्म र परिवारभित्रका पाँच वर्षसम्मका बालबालिका मात्र सवार हुने र जोर-बिजोर प्रणाली भने कायम रहनेछ । जोर-बिजोर प्रणाली मोटर साइकलका हकमा समेत लागू हुनेछ ।

काठमाडौं उपत्यकाभित्र र अन्य जिल्लाका हकमा सम्बन्धित जिल्लाभित्र मात्र सञ्चालन हुने यात्रुवाहक सवारी सार्वजनिक यातायात सञ्चालन हुन पाउनेछन् । सरकारको निर्णयानुसार चालकसहित सिट क्षमताको ५० प्रतिशत यात्रु रहन पाउनेछन् । एक पंक्तिको सिटमा सामाजिक दूरी कायम हुनेगरी एक जनामात्रै राख्ने, सबै यात्रुले अनिवार्य

बाँकी पृष्ठ २ मा

मञ्चद्वारा कोरोना कोषमा ३५ लाख सहयोग

व्यवसायीका समस्या गम्भीरतापूर्वक लिइने : उपप्रधानमन्त्री

मध्यान्ह संवाददाता
काठमाडौं, २५ असार

PRIME BANK LTD.
BAGBAZAR BRANCH
२४०३२०७७
कोरोना भाईरस संक्रमण रोकथाम नियन्त्रण तथा उपचार कोष
रु पैतिस लाख तेतिस हजार मात्र।
रु ३५,३३,०००/-
01801339CA
PFFEAN
CURRENT ACCOUNT NPR
E 0001510775
प्रगतिशिल बैदेशिक रोजगार व्यवसायी मञ्च, नेपाल

सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) निकट प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च, नेपालले सरकारले स्थापना गरेको 'कोरोना रोकथाम, नियन्त्रण तथा उपचार कोष'मा ३५ लाख ३३ हजार रुपैयाँ प्रदान गरेको छ । मञ्चद्वारा संकलित रकम बिहीबार रक्षा मन्त्रालयमा आयोजित एक संक्षिप्त कार्यक्रममा मञ्चका संयोजक राम प्रसाद भान्तनालगायतका व्यवसायीहरुले संयुक्त रुपमा उपप्रधानमन्त्री एवं रक्षा मन्त्री तथा कोरोना रोग संक्रमण रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिका संयोजक ईश्वर पोखरेललाई हस्तान्तरण गरे ।

मञ्चले कोरोनाविरुद्धको लडाईमा सरकारलाई सहयोग पुर्‍याउन एसओएस म्यानपावर सर्भिस प्रा.लि.का सञ्चालक वरिष्ठ व्यवसायी हेम गुरुङको संयोजकत्वमा आर्थिक समिति गठन गरेको थियो । समितिमा मञ्चका पूर्व अध्यक्ष नरेश गेलाललगायतका व्यवसायीहरु सदस्य रहेका थिए ।

वैदेशिक रोजगार विशेष

रकम हस्तान्तरण कार्यक्रममा संयोजक गुरुङसहित नेपाल वैदेशिक रोजगार व्यवसायी संघका पूर्व अध्यक्षहरु दिल प्रसाद पोखरेल, प्रेम बहादुर कटुवाल, बल बहादुर तामाङ, वरिष्ठ व्यवसायी पदमराज पौडेल, मञ्चका सहसंयोजक राजेन्द्र भण्डारी, मञ्चका पूर्व अध्यक्षहरु नरेश गेलाल, टंक बहादुर राउत, हरि बहादुर पाण्डे क्षेत्री, पूर्व उपाध्यक्ष सुवर्ण श्रेष्ठ, मञ्चका पूर्व महासचिव डिक बहादुर खत्री 'कुमार', व्यवसायी हरिश कुँवर, हेमन्त जोशी, कुन्छा दोर्जे लामालगायतका व्यवसायीहरुको उपस्थिति रहेको थियो ।

मञ्चले प्रदान गरेको सहयोग राशी ग्रहण गर्दै उपप्रधानमन्त्री पोखरेलले सामाजिक उत्तरदायित्वको भावनालाई आत्मसात गर्दै प्रतिकुल परिस्थितिमा पनि कोभिड महामारीविरुद्धको लडाईमा कोषमा सकेको रकम योगदान गरेको भन्दै मञ्च परिवारप्रति धन्यवाद व्यक्त गरे ।

त्यस अवसरमा मञ्चका संयोजक भान्तनाले कोभिड-१९ का कारण वैदेशिक रोजगार व्यवसायीहरुले भेल्नु परेका व्यवहारिक, कानूनी तथा आर्थिक कठिनाइहरुकाबारेमा उपप्रधानमन्त्री पोखरेलको लिखित ध्यानाकर्षण गराए । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले मन्त्रिपरिषद्मा पेश गरेको वैदेशिक रोजगार ऐन २०६४ को दफा ८२ अनुसार बाधा अड्काउ आदेश जारी नभएमा हाल कायम रहेका ८ सय ५४ व्यवसायीमध्ये करिब सवा ५ सय व्यवसायीको ईजाजतपत्र नवीकरण गर्न नपाई व्यवसायका लागि गरेको करोडौं लगानी डुब्ने स्थिति आएकाले यस विषयलाई गम्भीरतापूर्वक लिन मञ्चको लिखित माग छ ।

कोभिडको विश्वव्यापी संक्रमणले मुलुकको अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको वैदेशिक रोजगारकाबारेमा सरकारले भविश्यका लागि समेत दुरगामी दृष्टिकोण लिनुपर्ने भएकाले संख्या सयको विषयमा वैदेशिक रोजगार ऐनमै संशोधन गरेर त्यसलाई सधैंका लागि खारेज गर्नुपर्ने माग मञ्चले राखेको छ ।

त्यसैगरी मञ्चले व्यवसायीहरुले ईजाजतपत्रका लागि ५० लाखदेखि २ करोड रुपैयाँसम्म धरौटी राखेकाले वर्तमान जटिल अवस्थामा व्यवसाय सञ्चालनका लागि उक्त धरौटीलाई धितो मानेर सहुलियतपूर्ण व्याजमा कर्जा प्रदान गरिनुपर्ने, राहत दिनुपर्ने, संविधानले नागरिकलाई पेशा व्यवसाय गर्ने अधिकार प्रदान गरेको अवस्थामा वैदेशिक रोजगार व्यवसायीलाई एउटा मात्र पेशा गर्न बाध्य पार्ने कानूनी व्यवस्था हटाउनु पर्ने, वैदेशिक रोजगारमा कामदार पठाए वापत व्यवसायीले पाउने सेवा शुल्क अति न्यून रहेकोले कामदारले पाउने एक महिनाको तलव बरावरको रकम व्यवसायीहरुले सेवा शुल्क लिन पाउनुपर्नेलगायतका नीतिगत र व्यवहारिक व्यवस्था गर्न मञ्चले माग गरेको छ ।

मञ्चका माग सुनेपछि उपप्रधानमन्त्री पोखरेलले मञ्चले जुन गम्भीरताका साथ मञ्चले लिपिवद्धरुपमा माग पेश गरेको छ, आफुले पनि ती मागहरुलाई सोही गम्भीरताका साथ लिएको भन्दै संसद, श्रम मन्त्रालय र उच्चस्तरीय समितिको क्षेत्राधिकार अनुसार समाधानको

बाँकी पृष्ठ २ मा

विज्ञापन रकम भुक्तानीबारे

अत्यन्त जरुरी सूचना

यस **मध्यान्ह राष्ट्रिय दैनिक**मा विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका **विज्ञापन एजेन्सी** तथा अन्य **विज्ञापनदाताहरू**ले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको बाँकी बक्यौता रकम यही **मिति २०७७ असार मसान्त**भित्र भुक्तानी गर्नुहुन पुन सूचित गरिन्छ ।

अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस **मध्यान्ह राष्ट्रिय दैनिक** को रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हाल उपलब्ध गराइएको सुविधासमेत उपलब्ध नगराइने तथा रकम भुक्तन नगर्ने कम्पनी/संस्थाहरुको नाम सार्वजनिक गरी रकम भुक्तानीका लागि कानून बमोजिम कार्बाही अगाडी बढाइने व्यहोरा समेत यसै सूचनामार्फत जानकारी गराइन्छ ।

लेखा शाखा

मध्यान्ह
Madhyanha National Daily
राष्ट्रिय दैनिक

बागबजार, काठमाडौं, फोन नं. : ४२२६३६६, ४२२८२९८
Email: madhyanhadaily59@gmail.com, madhyanhadaily59@yahoo.com

भारतीय न्यूज च्यानलहरू नेपालमा बन्द

■कानूनी उपचार खोज्छौं : सरकार ■पीत पत्रकारिताको नमूना : महासंघ

मध्यान्ह संवाददाता
काठमाडौं, २५ असार

ABP LIVE
ZEENEWS
NEWS18
INDIA TODAY
INDIA TV
INDIA न्यूज़
NDTV 24x7 LIVE
आज तक
NDTV इंडिया
TIMES NOW

केही समययता नेपाल र नेपाली नेताहरुविरुद्ध जथाभावी प्रचारबाजी गरिरहेका भारतीय न्यूज च्यानलहरुको प्रसारण नेपालमा बन्द भएको छ । विदेशी च्यानल वितरक मल्टी सिस्टम अपरेटर (एमएसओ)ले बिहीबार साँझदेखि दूरदर्शनबाहेक सबै भारतीय न्युज च्यानलको प्रसारण रोकेको एमएसओका अध्यक्ष दिनेश सुवेदीले जानकारी दिए। जीटिभी, आजतक, एबिपीलगायत समाचार च्यानलहरु बन्द गरिएका हुन् । बिहीबार साँझदेखि नेपालमा कुनै पनि भारतीय न्युज च्यानलहरु प्रसारण भएका छैनन् ।

साथै सरकारले भारतीय सञ्चार माध्यममा नेपाल विरोधी आएको समाचारको कानुनी उपचार खोज्न सकिने जनाएको छ । मन्त्रिपरिषद् बैठकका निर्णय सार्वजनिक गर्न आयोजित पत्रकार सम्मेलनमा सञ्चार तथा सूचना प्रविधिमन्त्री डा. युवराज खतिवडाले मिडियाले प्रस्तुत गर्ने समाचार स्वच्छ र पारदर्शी हुनुपर्ने बताएका हुन् ।

मिडियाहरुमा प्रतिवन्ध लगाउनुभन्दा आफै अनुशासनमा बस्ने भएपनि त्यसो हुन नसके कुटनीतिक संयन्त्र परिचालन गर्नुपर्ने मन्त्री खतिवडाको भनाइ छ । मन्त्री खतिबडाले राष्ट्रियता, राष्ट्रिय स्वाधिनता र राष्ट्रहितमा आँच आउने गरी कुनै पनि सामग्री प्रकाशन र प्रशारण नगर्न आग्रह समेत गरे ।

पत्रकार महासंघको आपत्ति

नेपाल पत्रकार महासंघले नेपालको बारेमा भारतीय मिडियाले कपोल कल्पित सामग्री प्रसारित गरेको भन्दै आपत्ति जनाएको छ । बिहीबार एक विज्ञप्ति प्रकाशित गर्दै महासंघले प्रधानमन्त्री केपी शर्मा ओली र नेपालका लागि चिनियाँ राजदूत होउ यान्छीको बारेमा जी न्युज लगायतका मिडियाले असत्य, भ्रामक र कपोल कल्पित सामग्री प्रसारण गरेको भन्दै आपत्ति जनाएको हो ।

जी न्यूजले प्रसारण गरेको सामग्री पीत पत्रकारिताको नमुना भएको महासंघको भनाइ छ । जी न्युजका सामग्री प्रेसको विश्वव्यापी मान्यताविरुद्ध रहेको महासंघको ठहर छ। महासंघले प्रधानमन्त्रीविरुद्ध भारतीय मिडियामा सम्प्रेषण भएका झूठा र आक्षेपपूर्ण समाचारको सम्बन्धमा कुटनीतिक माध्यमबाट खण्डन गर्न र आगामी दिनमा यस्ता कुप्रचार दोहोरिन नदिन कडा कदम चाल्न सरकारको गम्भीर ध्यानाकर्षण पनि गराएको छ ।

के हो घटना ?

जी न्यूज बिहारले नेपालको वर्तमान राजनीतिबारे गलत र अफवहा फैलाउने किसिमले खबर प्रशारण गरेको थियो । उसले प्रशारण गरेको खबरमा प्रधानमन्त्री ओली र नेपालका लागि चिनियाँ राजदूत याङ्छीको नाम जोडेर तथ्यहिन लन्छना लगाइएको छ । उक्त खबरमा राजदूत याङ्छीले प्रधानमन्त्री ओलीलाई माया जालमा फसाको भनेर अनर्गल प्रचार गरिएको छ ।

उक्त खरमा भारतीय मिडियाकर्मीले आफैंले अडियो दिएर प्रधानमन्त्री ओली र राजदूत याङ्छीबीचको तथ्यहिन वार्तालाप देखाइएको छ। ओली र याङ्छीको तस्विर 'लभ साइन' भित्र रखेर नाटकीय रुपमा खबर प्रस्तुत गरिएको छ । सो खबर रिपोर्टमा राजदूत याङ्छीलाई उनीहरुले हनी ट्र्यापसमेत भन्न भ्याएका छन् ।

नेपालको आन्तरिक मामिलामा हस्तक्षेप

हुनत कोरोना र लकडाउनले देशको सबै क्षेत्र अस्तव्यस्त भएको बेला सरकारको गतिविधिबाट सर्वसाधारण नेपाली असन्तुष्ट भएका छन् । जनताको स्वास्थ्य र रोजगारीको विषयमा केन्द्रित हुनुपर्ने बेलामा प्रधानमन्त्री ओली विवादास्पद अभिव्यक्ति दिँदै आएका छन् । साथै यस तीन महिनाको अवधीमा उनले गरेको कार्य वर्तमान समस्याको समाधानभन्दा पनि जनताको ध्यान अन्यत्र मोडन खोजेको प्रष्ट देखिन्छ ।

प्रधानमन्त्री ओलीकै कारण नेकपामा चरम आन्तरिक विवाद देखिएको छ भने पार्टी नै फुटको संघारमा पुगेको छ । सरकारको भविष्य पनि अन्योलमा छ । नेकपामा असमझदारी बढ्दै गएपछि अहिले नेपालका लागि चीनिया राजदुत हउ याङ्छी नेकपाका शीर्ष नेताहरुको घर-घर पुगी भेटघाट गर्दै आएकी छिन् । कतिपय विज्ञहरुले राजदुत याङ्छीको यो भेटघाटलाई कुटनीतिक मर्यादाको उपहास भनेर टिप्पणी गरेका छन् ।

चिनियाँ राजदुत याङ्छीको भेटघाट मर्यादा विपरित भएपनि यो भेटघाटलाई लिएर भारतीय सञ्चारमाध्यमले गरेको टिप्पणी एउटा सार्वभौम राष्ट्रलाई कदापी सह्य नहुने विज्ञहरु बताउँछन् । नेकपाभित्रको विवाद, सरकारमा देखिएको अन्योल वा देशको आन्तरिक मामिलाका बारेमा भारतीय सञ्चार माध्यमा एकहोरो, भ्रामक र कपोल कल्पित खबर सम्प्रेषण गर्नु भनेको पत्रकारिताको धर्मको खिलाप भएको विज्ञहरुको ठहर छ ।

पछिल्लो समय नेपाल र भारतको बीचको सम्बन्धलाई सुधार हुन नदिन भारतीय सञ्चार माध्यम लागि परेका छन् । खासगरी लिम्पियाधुरा, लिपुलेक र कालापानलाई लिएर नेपालले नयाँ नक्सा सार्वजनिक गरेपछि भारतीय सञ्चार माध्यमले पत्रकारिताको सामान्य नैतिकता समेत बिर्सेका छन् । विशेष गरी द्विपक्षीय सम्बन्धलाई सुदृढ गर्न कुनै पनि देशको सञ्चारमाध्यमको भूमिका अत्यन्तै महत्वपुर्ण हुन्छ र भारतीय सञ्चारमाध्यमले यो कुरा जति छिटो बुझ्यो नेपाल भारत सम्बन्ध पनि त्यती छिटो सुधार हुने विज्ञहरु बताउँछन् ।

नवनियुक्त आईजीपीका प्रतिबद्धता

काठमाडौं/मस- नवनियुक्त प्रहरी महानिरीक्षक (आईजीपी) शैलेश थापा क्षेत्रीले प्रहरी संगठनलाई आधुनिक प्रविधि र आधुनिकतामा अगाडि बढाउने प्रयत्न आफुले गर्ने बताएका छन्। बिहीबार गृहमन्त्रालयमा आयोजित कार्यक्रममा दर्ज्यानी चिह्न ग्रहण गरेपछि थापाले संविधान, ऐन र नियमले दिएको सीमा भित्र रहेर काम गर्ने बताए ।

सम्पूर्ण प्रहरी संगठनलाई साथमा लिएर आफ्नो विवेकले भ्याएसम्म निःस्वार्थ रुपमा खरो उत्रिने उनले बताए । महानिरीक्षक एक्लैले सबै अपेक्षा पूरा गर्न नसक्ने उल्लेख गर्दै उनले संगठनको महानिरीक्षकको सफलता/असफलता नै संगठनको सफलता/असफलता भएकाले सबैको सहयोग आवश्यक रहेको बताए। प्रहरी संगठनलाई व्यक्तिगत लहडमा नभएर संस्थागत निर्णयका आधारमा अगाडि बढाउने प्रतिवद्धता उनले व्यक्त गरे ।

आईजीपी थापाले संगठनभित्र आफ्नै सहकर्मीहरुलाई व्यवसायिक रुपमा निषेध गर्ने कु संस्कारको अहिले अन्त्य भएको बताए। विगतमा महानिरीक्षकको प्रतिस्पर्धामा हुने गरेको अस्वस्थ प्रतिपर्स्धालाई संकेत गर्दै उनले आफु र प्रहरी अतिरिक्त महानिरीक्षक हरिबहादुर पालले त्यसलाई तोडेको बताए । पाल र आफुबीच जो आईजीपी भएपनि सल्लाह र सहयोगमा अगाडि बढ्ने भद्र सहमति भएको खुलासा गर्दै थापाले संगठनको हितका लागि आफ्नो कार्यकालबाट विगतको कु संस्कार तोडिएको बताए ।

गृह सचिव महेश्वर न्यौपानेले नवनियुक्त आइजिपी थापा र पालको प्रतिस्पर्धाले संगठनको मूल्य मान्यताको प्रवर्दनका लागि ठूलो सहयोग गरेको बताए । आगामी दिनमा पनि नेतृत्वलाई सफल बनाउन सबैको सहयोग हुने अपेक्षा रहेको उनले बताए । उनले प्रहरी संगठनलाई असर गर्ने कुराहरु नगर्न/नगराउन पनि सबैलाई तयार रहन आग्रह गरे । थापा मंगलबार नेपाल प्रहरीको २८औं प्रहरी महानिरीक्षकमा नियुक्त भएका थिए । उनले बिहीबार पदभार ग्रहण गरेका हुन् ।

सरिता गिरीको सांसद पद रिक्त

काठमाडौं/मस- संघीय संसद् सचिवालयले समाजवादी पार्टीका तर्फबाट प्रतिनिधिसभामा समानुपातिक सांसद सरिता गिरीको सांसद पद रिक्त भएको सूचना जारी गरेको छ। समाजवादी पार्टीले संसद् गिरीलाई पार्टीको सबै जिम्मेबारीबाट हटाइएको पत्र संसद् सचिवालयलाई दिएपछि सांसद गिरीलाई पदमुक्त गरिएको हो ।

संविधानको धारा ८९ बमोजिम सांसद गिरी सांसदबाट निष्कासित भएको संसद् सचिवालयले जनाएको छ। समाजवादी पार्टीका प्रमुख सचेतकले सांसद गिरीलाई प्रतिनिधिसभा सदस्य पदबाट हटाउने पार्टीले गरेको निर्णयसहित पदमुक्त गरिदिन बुधबार सचिवालयलाई पत्र पठाएको थियो।

संसद्का महासचिव भरतराज गौतमले सांसद गिरीलाई पार्टीबाट निष्कासन गरेको जानकारी संसद् सचिवालयलाई जानकारी गराएको र उक्त जानकारी नियमानुसार नै पाइएकाले उनको सांसद पद रिक्त भएको सूचना जारी गरेको बताए।

लिपुलेक, लिम्पियाधुरा समेटिएको नेपालको नक्सासहितको निसान छाप बदल्नका लागि भएको संविधान संशोधनमा पार्टीको ह्विप उल्लंघन गरेको भन्दै समाजवादी पार्टीको असार २३ गतेको पदाधिकारी बैठकले सांसद गिरिलाई सांसद र पार्टीको साधारण सदस्यबाट हटाउने निर्णय गरेको थियो । पार्टीका महासचिव रामसहायप्रसाद यादवको संयोजकत्वमा गठित कार्यदलले गिरीलाई कारवाही गर्न सिफारिससहित पार्टीलाई आफ्नो प्रतिवेदन बुझाएको थियो ।

गत जेठ २७ गते निसान छाप परिवर्तन गर्न संविधान संशोधनका लागि मतदान भएको थियो। समाजवादी पार्टीले संविधान संशोधनका पक्षमा मतदान गर्न ह्विप जारी गरेको थियो ।

यसैबीच राष्ट्रिय मानव अधिकार आयोगले आफ्नै सदस्य मोहना अन्सारीले केही दिनअघि दिएको अभिव्यक्तिप्रति खेद प्रकट गर्दै भ्रम सिर्जना हुने गरी नबोल्न सचेत गराएको छ । अन्सारीले यही असार २३ गते सामाजिक सञ्जाल ट्वीटरमा समाजवादी पार्टीकी सांसद गिरीलाई कारवाही गरिएकामा खेद प्रकट गर्दै आपत्ति जनाएकी थिइन् ।

आयोगका अध्यक्ष अनुपराज शर्माले बिहीबार जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'अन्सारीले सामाजिक सञ्जालमा व्यक्त गरेका कुराप्रति आयोगको ध्यानाकर्षण भएको छ, दलको अधिकारलाई निस्तेज पार्ने गरी सामाजिक सञ्जालमा व्यक्त गर्नुभएको भनाइलाई आयोगले अस्वीकार गर्दछ, आयोगबाट यही असार १५ मा सदस्यहरूलाई भ्रम सिर्जना हुनेगरी नबोल्न सचेत गराइएको हो, तथापि यस किसिमको भनाइ ट्वीटरमा आउनु खेदजनक छ, तसर्थ यसमा कोही पनि भ्रममा नपर्न जानकारी गराइन्छ ।'

संविधान, कानून र दलको विधानले दिएको अधिकार प्रयोग गरी गिरीमाथि गर्न लागिएको कारवाहीलाई 'खेदजनक' तथा 'कथित छानबिन प्रतिवेदन' भनेको प्रति आयोगले खेद प्रकट गरेको हो ।

जनता समाजवादी पार्टी निर्वाचन आयोगमा दर्ता

काठमाडौं/मस- जनता समाजवादी पार्टी नेपालले औपचारिक रुपमा राजनीतिक दलको मान्यता पाएको छ । जसपा निर्वाचन आयोगमा दर्ता भएसँगै नयाँ दल बनेको हो । आयोगको बुधबार बसेको बैठकले जसपा दर्ता गर्ने निर्णय भएको निर्वाचन आयोगका प्रवक्ता राजकुमार श्रेष्ठले जानकारी दिए । जसपालाई दल दर्ताको प्रमाणपत्र लिन शुक्रबार बोलाइएको बताइएका छ ।

गत वैशाख १० गते समाजवादी पार्टी र राष्ट्रिय जनता पार्टीबीच एकीकरण भई जसपा गठन गर्ने सहमति भएको थियो । एकीकरण घोषणा भएको जसपाले दल दर्ताका लागि जेठ २५ गते आयोगमा आवश्यक कागजात बुझाएको थियो ।

जसपाका नेता केशव झाले आयोगमा आधिकारिक रुपमा दल दर्ता भएपछि पार्टी एकीकरणका बाँकी काम अघि बढाइने बताउनुभयो । आयोगमा अहिले १३२ राजनीतिक दल दर्ता भएका छन् । दुई पार्टी राजपा र समाजवादी पार्टी एकीकरण भएपछि अब आयोगमा दर्ता भएका १३१ दल हुनेछन् ।

जसपाको सहमतिअनुसार पार्टीको केन्द्रीय कार्यकारिणी समिति अध्यक्षमा महन्थ ठाकुर र उपेन्द्र यादव रहेका छन् । पार्टीका वरिष्ठ नेतात्रयमा अशोककुमार राई, डा बाबुराम भट्टराई र राजेन्द्र महतो रहेका छन् । तत्कालका लागि ३० सदस्यीय कार्यकारिणी सदस्य घोषणा गरिएको छ ।

स्थानीय तहका न्यायिक समिति ओझेलमा

तम्घास/रासस- नेपालको संविधानले स्थानीय तहका उपप्रमुखहरुलाई स्थानीयस्तरमा हुने विवादित विषयमा न्याय निरुपण गर्ने अधिकारको व्यवस्था गरेको छ। संवैधानिक व्यवस्थाअनुसार स्थानीय तहमा उपप्रमुखको नेतृत्वमा न्यायिक समिति गठन पनि भएका छन् ।

स्थानीयस्तरमा आइपर्ने फौजदारी अभियोग बाहेकका सबै मुद्दाहरुमा न्याय निरुपण गराउने अधिकार संविधानले नै यी समितिहरुलाई दिएको छ । यसरी गठित न्याय समितिहरुले न्याय निरुपणका क्रममा पहिलो प्राथमिकता मेलमिलापलाई नै दिइएको पाइन्छ। यसका लागि प्रत्येक वडामा सामुदायिक मेलमिलापकर्ता राख्नुपर्ने कानूनी प्रावधान पनि छ ।

तर यो व्यवस्थाअनुरुप गुल्मीका कतिपय स्थानीय तहमा सामुदायिक मेलमिलापकर्ता नै राखिएको छैन भने मेलमिलापकर्ता राखिएका स्थानीय तहमा न्याय सम्पादनलाई प्रभावकारी बनाउन आवश्यक बजेट समेतको कुनै व्यवस्था गरिएको छैन। स्थानीय तहले सूचीकृत गरेका तालिम प्राप्त मेलमिलापकर्ताले गाउँमा आइपर्ने विवादलाई मेलमिलाप गराउन सहजीकरण गर्छन् । उनीहरुले सम्पादन गरेको न्यायलाई अन्तिम रुप दिन न्यायिक इजलासको आवश्यकता हुन्छ तर अहिले कुनै पनि स्थानीय तहमा इजलास कक्षसमेत बनाइएको छैन। उपप्रमुखकै कार्यकक्षबाट न्याय सम्पादन हुँदै आएको छ ।

चन्द्रकोट गाउँपालिकामा रु पाँच लाखको लागतमा २४ जना मेलमिलापकर्ता सूचीकृत गरिएको छ । यो वर्ष अहिलेसम्म गाउँपालिकामा पाँचवटा मुद्दा दर्ता भएका छन्। आगामी वर्ष अझ धेरै मुद्दा दर्ता हुने अनुमान गाउँपालिकाले गरेको छ तर बजेट भने समग्र न्यायिक क्षेत्रको लागि रु पाँच लाख मात्रै छुट्याइएको छ ।

मेलमिलापकर्तालाई तालिम, कानूनी पुस्तक खरिदलगायतका कुराहरु भने ओझेलमा परेका छन्। 'अझैसम्म योजनाको अन्तिम रुप दिइएको छैन,' गाउँपालिका उपाध्यक्ष एवं न्यायिक समिति संयोजक राधिका अर्यालले भनिन्, 'समग्र न्यायिक क्षेत्रका लागि रु पाँच लाख छुट्याउने योजना छ।' गाउँपालिकामा इजलास कक्ष, पुनर्ताजगी तालिम लगायतका विषयमा आफूहरुमा केही नसोचेको उनले बताइन् ।

धुर्कोट गाउँपालिकाले पनि चालू आवमा रु पाँच लाख खर्चेर तालिम दिएका २१ जना सामुदायिक मेलमिलापकर्ताको रुपमा गाउँपालिकामा सूचीकृत भएका छन् । आगामी आर्थिक वर्षमा पुनर्ताजगी तालिमको लागि मात्र रु दुई लाख विनियोजन गरिएको छ। न्याय सम्पादन गर्न आवश्यक पर्ने छुट्टै इजलास, कानूनी पुस्तकहरु खरिद, न्याय सम्पादनबारे जानकारी दिने तालिमलगायतका विषयमा गाउँपालिकाको कुनै योजना नै छैन।

न्याय सम्पादनमा सहजताका लागि कानूनी सल्लाहकार राखे पनि सामुदायिक मेलमिलापकर्ता र न्यायिक इजलासको बारेमा गाउँपालिकाको कुनै योजना छैन । 'सामुदायिक मेलमिलापकर्ताले न्याय सम्पादनमा धेरै सहजता ल्याएको छ, उनीहरुलाई पुनर्ताजगी तालिम पनि दिनुपर्छ,' गाउँपालिका उपाध्यक्ष एवं न्यायिक समिति संयोजक शिवबहादुर खत्रीले भने, 'त्यसको लागि आवश्यक बजेटबारे छलफल गर्छौं ।'

कोरोना संक्रमितको डायलासिस गर्दै भरतपुर अस्पताल

भरतपुर/रासस- चितवन र आसपासका क्षेत्रका कोरोना संक्रमितको उपचार गर्दै आएको यहाँको भरतपुर अस्पतालले मिर्गौलाका बिरामीको डायलासिस समेत गर्न शुरु गरेको छ । नेपाल सरकारले कोभिड-१९ को उपचारका लागि पहिलो र दोस्रो तहका बिरामीको उपचार गर्न भरतपुर अस्पताल र यसको मातहतमा रहेको भरतपुर कोरोना विशेष (अस्थाई) अस्पताललाई तोकेको छ ।

भरतपुर अस्पतालका मिर्गौला रोग विशेषज्ञ डा सन्तोष गुरुङका अनुसार एक जना संक्रमितको डायलासिस अस्पतालले गरिरहेको छ । ती बिरामी हेटौंडा उपमहानगरपालिका-५ का ३३ वर्षीय पुरुष हुन् । साउदीबाट फर्किएका उनको तेस्रो पटक आज भरतपुर अस्पतालमा डायलासिस गरिएको छ। गुरुङका अनुसार यसअघि असार १८ र १९ गते उनको भरतपुर अस्पतालमा डायलासिस गरिएको थियो ।

साउदीमा करिब २० पटक उनको डायलासिस भइसकेको उनले जानकारी दिए । अस्पतालले अन्य बिरामीका लागि दुई दिन डायलासिस नगर्ने गरी व्यवस्थापन मिलाएर डायलासिस गरिरहेको उनको भनाइ छ । बुधबार राति १२ बजेबाट डायलासिस कक्ष अन्य बिरामीका लागि बन्द गरिएको छ । ती बिरामीको डायलासिस गरिएपछि त्यहाँको पूर्णरुपमा निर्मलीकरण थालिएको छ ।

शुक्रबार बिहान ६ वजेबाट अन्य बिरामीको डायलासिस शुरु गरिने उनले जानकारी दिए । अस्पतालका प्रमुख मेडिकल सुपरिटेण्डेन्ट डा. श्रीराम तिवारीका अनुसार डायलासिस गर्ने प्राविधिकहरुले विश्व स्वास्थ्य सङ्गठनले जारी गरेको निर्देशिकालाई पूर्णरुपमा पालना गरी उच्च सतर्कताका साथ काम गरिरहेका छन् । हाल अस्पतालमा हरेक साता, सातामा दुई पटक र महिनाको एक पटक डायलासिस गर्ने १०६ जना बिरामी रहेका छन् । उनले अस्पतालमा उपचार गर्न आउने संक्रमितलाई देखिएका सबै खालका रोगको उपचार गर्न भरतपुर अस्पताल सक्षम भएकै कारण छिमेकी जिल्लाबाट पनि बिरामी आउने गरेको बताए ।

अस्पताल विकास समितिका अध्यक्ष डा भोजराज अधिकारीले पहिलो र दोस्रो तहका बिरामी हेर्ने जिम्मा भरतपुर अस्पताललाई दिइएको भए पनि तेस्रो तहका बिरामी पनि हेर्न बाध्य भएको बताए। जिल्लाका अन्य अस्पतालमा संक्रमण देखिएर जटिल भएका बिरामी पनि भरतपुर पठाइने गरेको उनले बताए । यहाँका दुई मेडिकल कलेजलाई पनि कोभिड उपचारमा सहभागी गराएमा बिरामी थप भएको अवस्थामा उपचारमा सहजता हुने उहाँको भनाइ छ । अस्पतालका सूचना अधिकारी लिलाधर पौडेलका अनुसार हाल भरतपुर अस्पतालमा ३७ जना कोरोना संक्रमितले उपचार गराइ रहेका छन्। यसै अस्पतालमा ३८ जना उपचारपछि निको भएर फर्किएको उनले जानकारी दिए । दुई जनाको उपचारको क्रममा मृत्यु भएको थियो ।

सिन्धुपाल्चोक....

खहरे खोलामा आएको बाढीले राजमार्ग छेउका तीन टहरा समेत बगाएको र चार जना बेपत्ता भएका छन भने दुई जना घाइते भएको गाउँपालिकाका अध्यक्ष राजकुमार पौडेलले जानकारी दिए । बाढीले त्यहाँस्थित सानो पुलेसा समेत बगाएको छ ।

बाढीले धनजनको ठूलो क्षति भएपछि सभामुख अग्निप्रसाद सापकोटा हेलिकोप्टरमार्फत आज बिहान घटनास्थल जान लाग्नु भएकामा प्रतिकूल मौसमका कारण धुलिखेलबाट नै फर्किनुपरेको उहाँका प्रेस सल्लाहकार श्रीधर न्यौपानेले जानकारी दिए ।

सार्वजनिक...

रुपमा मास्कको प्रयोग गर्ने, सवारी साधनमा यात्रु चढ्ने समयमा सवारी साधनको ढोकामा र सवारी साधनभित्र स्यानिटाइजरको व्यवस्था गर्नुपर्नेछ । यस्तै चालक तथा सहचालकले समेत अनिवार्यरुपमा मास्क, भाइजर र पञ्जा लगाउने र सवारी साधनलाई दैनिक निसङ्क्रमण गराउनुपर्नेछ ।

सरकारले तोकेअनुसार आगामी साउन ६ गतेसम्मका लागि मात्रै ट्याक्सीबाहेक अन्य सवारी साधनका हकमा तोकिएको भाडा दरको ५० प्रतशितसम्म थप भाडा लिन पाइनेछ। यस्तै उद्योग, प्रतिष्ठान र निजी सेवाप्रदायक कार्यालयका श्रमिक तथा कर्मचारी ओसारपसार गर्न प्रयोग गरिने सवारी साधनले पनि सिटको एक लहरमा एक जना मात्रै यात्रु राख्नुपर्नेछ । सबै यात्रुले अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने, स्यानिटाइजरको व्यवस्था गर्ने तथा सवारी साधनलाई दैनिक निसङ्क्रमण गराउनु पर्नेछ ।

१०८ थपिए

बिहीबार पत्रकार सम्मेलन गरी सरकारले गएको २४ घण्टामा देशभरिका २५ वटा प्रयोगशालामा गरिएको परीक्षणमा उक्त संख्यामा कोरोना संक्रमण पुष्टि भएको जानकारी दिए। यो सँगै संक्रमितको संख्या १६ हजार ५३१ पुगेको छ ।

प्रवक्ता डा गौतमका अनुसार पछिल्लो २४ घण्टामा चार हजार ५८८ जनाको पीसीआर नमूना परीक्षण भएको छ । हाल क्वारेन्टिनमा २४ हजार ८२५ जना र आइसोलेशनमा आठ हजार ६०५ जना रहेका छन्। कोभिड-१९ बाट सङ्क्रमित मुक्त भई गत २४ घण्टामा डिस्चार्ज हुनेको संख्या १४९ रहेको छ । हालसम्म डिस्चार्ज हुनेको संख्या सात हजार ८९१ रहेको उनले बताए । -रासस

व्यवसायीका...

पहल गर्ने आश्वासन दिए । उपप्रधानमन्त्री पोखरेलले स्वास्थ्य सुरक्षाका आवश्यक मापदण्ड पालन गराउन नसके कोरोना भाइरसको विश्वव्यापी संक्रमणबाट बच्न नसकिने भन्दै स्वास्थ्य मापदण्ड पालना गर्न र गराउन व्यवसायीहरुलाई विशेष आग्रह समेत गरे ।

गौतमबुद्ध रंगशालालाई ३ करोड बढी अनुदान दिइने

मुक्ति रेग्मी/मध्यान्ह
काठमाडौं, २५ असार

सरकारले धुर्मुस सुन्तली फाउण्डेशनलाई तीन करोड रकम अनुदान दिने भएको छ। त्यसका लागि प्रक्रिया अघि बढेको युवा तथा खेलकुद मन्त्रालय स्रोतले जानकारी दिएको छ।

चितवनको भरतपुरमा धुर्मुस सुन्तली फाउण्डेशनले निर्माण गर्न लागेको रंगशालाका लागि तीन करोड २५ लाख रुपैयाँ सशर्त दिन लागिएको हो। पछिल्लो समय रंगशाला निर्माणमा भएका खर्चको पारदर्शीतका विषयमा उठेका प्रश्नहरुमा सरकार जानकार रहेकाले यस तर्फ पनि सचेत रहँदै फाउण्डेशनलाई रकम दिन लागिएको जनाइएको छ।

फाउण्डेशनलाई दिने रकमका विषयमा अब बस्ने मन्त्रिपरिषद्बाट अनुमोदन गर्नुपर्ने छ। युवा तथा खेलकुद मन्त्रालयले प्रस्ताव गरेको र अर्थमन्त्रालयले सहमति पनि जनाइसकेको स्रोतको भनाई छ।

यसै आर्थिक वर्षको बजेटबाट ३ करोड २५ लाख दिने तयारी भएको छ। रंगशालाको कुल बजेट २ अर्ब ६० करोड रहेको छ। जनस्तरबाट चन्दा संकलन गरेर निर्माण शुरु गरिएको रंगशालामा प्रदेश सरकारले पनि बजेट विनियोजन गरेको छ भने स्थानीय तहले पनि छुट्याएका छन्। चितवनको रामपुरमा रहेको २० बिघा ६ कट्ठा जमिनमा रङ्गशाला निर्माण गर्न लागिएको हो।

अहिले बन्न लागेको रङ्गशालामा ३५ खेल खेलाउन सकिने छ। रंगशालालाई स्पोर्ट्स हबको रुपमा विकास गरिने छ। यो रंगशालामा क्रिकेट मात्र होइन अन्य खेलका लागि उपयोग हुनेगरी बनाइने छ।

यो रंगशालामा फुटबल, भलिबलसहित, नेपालको मौलिक खेल डण्डीबियोसम्म खेल्न सकिने गरी बनाइने योजना रहेको छ। क्रिकेट खेलाडीहरु उत्पादन गर्न एकेडेमी पनि रंगशालाभित्र रहनेछ।

ग्लोबल आईएमईले दियो एक करोड

काठमाडौं, मस- चितवनमा निर्माणाधिन गौतम बुद्ध अन्तर्राष्ट्रिय क्रिकेट मैदानका लागि सहयोग रकम उठ्ने क्रम जारी नै रहेको छ। गत वर्ष रंगशाला निर्माणका लागि धनधान्यान्चल महायज्ञ समेत आयोजना भएको थियो। उक्त महायज्ञमा कबोल गरिएको १ करोड रकम ग्लोबल आईएमई बैंकले वुधबार हस्तान्तरण गरेको हो। बैंकका अध्यक्ष चन्द्र ढकालले उक्त रकम फाउण्डेशनलाई रकम हस्तान्तरण गरेको जनाइएको छ। गौतम बुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला धुर्मुस सुन्तली फाउण्डेशनले बनाउँदै आएको छ।

भारतमा कोभिड संक्रमण निको हुने दर ६१.५३ प्रतिशत

नयाँ दिल्ली, एनआई-भारतको स्वास्थ्य मन्त्रालयले भारतमा कोभिड-१९ का संक्रमितहरुको निको हुने दर बढेको जानकारी दिएको छ। सो मन्त्रालयले भारतमा कोरोना संक्रमणबाट संक्रमितहरुको निको हुने दर बढेर ६१.५३ प्रतिशत पुगेको जानकारी दिएको जनाइएको छ। यहाँ गएको २४ घन्टामा मात्र २२ हजार जनाभन्दा बढी संक्रमित भेटिएका बुधबार बिहान प्राप्त भएको समाचारमा जनाइएको छ।

बुधबार दिइएको जानकारीमा यहाँ गएको २४ घन्टामा २२ हजार ७५२ जना संक्रमित भेटिएका हुन्। योसँगै यहाँका संक्रमितहरुको संख्या बुधबार बिहानसम्ममा ७ लाख ४२ हजार ४१७ जना पुगेका छन्।

यी संक्रमितहरुमा भारतमा ४ लाख ५६ हजार ८३० जना संक्रमितहरु निको भएर घर फर्किएका सो मन्त्रालयले जानकारी दिएको छ। अझै पनि भारतमा २ लाख ६४ हजार ९४४ जना संक्रमितहरु अहिले रहेका छन्। उनीहरुमध्ये कतिपय अस्पताल त केही आफ्नै घरमा आइसोलेसनमा पनि रहेका छन्।

यहाँ २० हजार ६४२ संक्रमितको निधन भएको छ। गएको २४ घन्टामा मात्र यहाँ ४८२ जनाको ज्यान गएको बताइएको छ। योसँगै भारतमा कोभिड १९ को संख्या हेर्दा करिब ६१.५३ प्रतिशत निको भएर घर फर्किएको देखिएको छ। यो संख्या पहिलेको तुलनामा बढ्दै गएको पनि सो मन्त्रालयले दिएको तथ्यांकमा उल्लेख गरिएको छ।

मन्त्रालयले निको हुने दर हरेक दिन बढ्दै गएको जनाएको छ। साथै पछिल्ला दिनहरुमा परीक्षणको संख्या पनि मन्त्रालयले बढाउँदै लगेको सो मन्त्रालयले जनाएको छ। साथै मन्त्रालयले सबैभन्दा बढी प्रभावित राज्यका रुपमा महाराष्ट्र नै अगाडि रहेको पनि बताएको छ।

खेलकुद नियमावली मस्यौदा समिति गठन

काठमाडौं, मस- राष्ट्रिय खेलुकद परिषद्का कार्यबहाक सदस्यसचिव भक्तबहादुर ढकालको संयोजकत्वमा युवा तथा खेलकुद मन्त्रालयले नियमावली मस्यौदा समिति गठन गरेको छ। मन्त्रालयको खेलकुद विभाग महाशाखा प्रमुख समेत रहेका ढकालको संयोजकत्वमा सात जनाको समिति बनाएको हो। यो समितिलाई एक महिनामा नियमावली बनाउन निर्देशन दिइएको छ। अब नयाँ ऐनको नियमावलीको आधिकारिक रुपमा काम सुरु हुनेछ।

नियमावली मस्यौदा समतिमा प्रशासन शाखा प्रमुख सागर रोका, आर्थिक प्रशासन शाखा प्रमुख नवराज घिमिरे, कानूनी शाखाका प्रमुख सिम्जा डंगोल रहेका छन्। यस्तै राखेपको प्रतिनिधीका रुपमा एक जना, कानून न्याय तथा संसदीय मामिला मन्त्रालयबाट एक जना र एक जना विज्ञलाई समितिमा राखिएको छ।

अब हालै जारी भएको ऐन अनुसार नियमावली बनाइने छ। खेलकुद विकास ऐन २०७७ जारी भएपछि केहि विषयमा अन्योल रहेको छ। त्यसलाई परिमार्जन गर्नुपर्ने देखिएको खेलकुद क्षेत्रका ब्यक्तिको धारणा रहेको छ। तर यो समितिले विभिन्न विशेषज्ञहरुसँग छलफल गरेर नयाँ नियमावलि बनाउने भएको छ।

नयाँ खेलकुद विकास ऐन असार ११ गते राष्ट्रपति विद्यादेवी भण्डारीले प्रमाणिकरण गरेकी थिइन्। जसका कारण पुरानो नियुक्तिका आधारमा राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव रमेश सिलवालसहित पुरै पदाधिकारीहरु मदमुक्त भएका थिए।

गाउँपालिकाद्वारा नगदसहित सम्मान

सुमन महतारा/मध्यान्ह
गुल्मी, २५ असार

अन्तर्राष्ट्रिय कराते प्रतियोगितामा कास्य पदक हात पार्ने तीन खेलाडीलाई गुल्मी दरवार गाउँपालिकाले नगदसहित सम्मान गरेको छ। गत माघ १० गतेदेखि १५ गतेसम्म सिङ्गापुर, मलेसिया, ईणडेनेसिया र थाइल्यान्डमा सम्पन्न भएको अन्तर्राष्ट्रिय कराते प्रतियोगितामा गुल्मी दरवारका तीन खेलाडीले कास्य पदक हात पार्न सफल भएका थिए।

हालै गाउँपालिकाले खेलाडीहरु अमर बहादुर पल्ली, बिजय सारु र लक्ष्मण थापालाई एकमुष्ट ३५ हजार नगदसहित सम्मान गरेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मण पाण्डेले जानकारी दिए। खेलाडीलाई खेल क्षेत्रमा प्रोत्साहन गर्न र उनिहरुको योगदानको उच्च मुल्यांकन गर्दै सम्मान गरिएको गाउँपालिकाले जनाएको छ।

बिहारमा चट्याङ लागेर १२ को मृत्यु

नयाँ दिल्ली, एएनआई - भारतको बिहार राज्यमा बुधबार पनि चट्याङ लागेर १२ जनाको ज्यान गएको समाचारमा जनाइएको छ। यस वर्षको मौसम शुरु भएदेखि नै बिहारमा चट्याङले ठूलो क्षति पुऱ्याएको बताइएको छ। बिहारको विपद् व्यवस्थापन विभागले बुधबार पनि चट्याङ लागेर १२ जनाको ज्यान गएको जनाएको छ।

अघिल्लो हप्तासम्ममा यहाँ यस प्रकोपका कारण एक सय जनाभन्दा बढीको मृत्यु भएको बताइएको थियो। यसैबीच बिहार सरकारले मृत्यु भएकाको परिवारलाई चार लाख भारतीय रुपैयाँ क्षतिपूर्ति दिने भएको छ। समाचारमा जनाइएअनुसार उक्त राज्यका मुख्यमन्त्री नितिश कुमारले सो घोषणा गरेका हुन्। उनले बुधबार पनि चट्याङ लागेर १२ जनाको ज्यान गएको सूचना पाएको भन्दै मृतकका परिवारलाई सो सहयोग गर्ने बताए। यहाँ पछिल्ला दिनहरुमा वर्षासँगै परेको चट्याङलले लागेर एक सय जनाभन्दा बढीको मृत्यु भइसकेको छ।

बिहारका मुख्यमन्त्री नितिश कुमारले गत हप्ता नै यस प्रकोपबाट ज्यान जाने परिवारका सदस्यहरुलाई आर्थिक सहयोगका रुपमा प्रत्येक परिवारलाई चार लाख भारतीय रुपैयाँ दिने घोषणा गरेको भारतीय सञ्चारमाध्यमहले जनाएका छन्।

पछिल्ला हप्ताहरुमा बिहारमा मौसम खराब रहेकोले बाढी पहिरोबाट जोगिन बाहिर ननिस्कन र सम्भावित चट्याङबाट बच्ने उपायहरु अपनाउन राज्यका सबै सर्वसाधारण नागरिकहरुमा सूचना जारी गरिएको बताइएको छ।

डिवाइनको कप्तानीमा न्यूजिल्याण्ड

काठमाडौं, एजेन्सी-सोफी डिवाइनलाई न्यूजिल्याण्डको महिला टिमको कप्तान नियुक्त गरिएको छ। उनी यसअघि अन्तरिम कप्तान रहेकी थिइन्। एमी सेटरथवेट आमा भएपछि विदा लिएकी थिइन्। त्यसपछि डिवाइनलाई अन्तरिम कप्तान बनाइएको थियो।

न्यूजिल्याण्ड क्रिकेट बोर्डले उनलाई अहिले पूर्णकालिन कप्तान बनाएको हो। उनले टी २० वुमन्स वल्डकपमा कप्तानी पनि गरेकी थिइन्। अब पूर्व कप्तान एमी सेटरथेवट उपकप्तान हुने छिन्।

टिमको कप्तान भएपछि डिवाइनले आफूले यसलाई ठूलो सम्मानको रुपमा लिएको बताएकी छिन्। न्यूजिल्याण्ड क्रिकेट टिमको कप्तान हुनु ठुलो कुरा रहेको बताउँदै आफूले यसअघि पनि कप्तानको जिम्मेवारी सम्हाले पनि नतिजाबाट भने निराश भएको बताइन्।

आगामी दिन चुनौतीपूर्ण नै रहे पनि हरेक चुनौती पार गर्न आफू सक्षम हुने विश्वास पनि व्यक्त गरिन्। डिवाइन टी २० मा लगातार पाँच अर्धशतक बनाउने पहिलो महिला खेलाडी पनि हुन्।

गत विश्वकपमा उनले शतक समेत बनाएकी थिइन् भने लगातार चार अर्धशतक पनि जोडिन्। यसैगरी महिला विग ब्यास लिगमा उनले ७६९ रन तथा १९ विकेट लिएकी थिइन्। २०२१ को टी २० विश्वकपमा उनी न्यूजिल्याण्ड टिमको कप्तानी गर्ने छिन्।

दक्षिण कोरियामा पनि कोरोना संक्रमित बढे

सोल, सिन्हुवा- दक्षिण कोरियामा कोरोना (कोभिड-१९) का संक्रमित पछिल्लो समयमा बढेको देखिएको छ।

यहाँ संक्रमित हुनेहरुको संख्या पछिल्ला हप्ताहरुमा बढ्दै गएको देखिएको समाचारमा जनाइएको छ। गत २४ घण्टामा थप ५० मा कोरोना भेटिएको बताइएको छ। योसँगै यहाँका संक्रमितहरुको संख्या १३ हजार १९३ जना पुगेको बताइएको छ। यहाँ पछिल्लो हप्ता हरेक दिन कम्तीमा ४० देखि ७० जना संक्रमित थपिएका छन्।

उनीहरुमध्ये अधिकांश विदेशबाट आएका व्यक्तिमा पाइएको पनि सो समाचारमा जनाइएको छ। पछिल्लो दुई दिनमा दुई व्यक्तिको मृत्यु भएपछि संक्रमणबाट ज्यान जानेको संख्या २८७ जना पुगेको बताइएको छ। यहाँका संक्रमितहरु बढीजसो चर्चमा गएका व्यक्तिहरुबाट भएका बताइएको छ। यहाँ निकै थोरै संख्यामा मात्र संक्रमितहरु थिए। दक्षिण कोरिया सरकारले कोरोना भाइरसको संक्रमणलाई रोक्न विदेशका अरु देशहरुको तुलनामा प्रभावकारी काम गरेको बताइएको थियो। तर प्राप्त समाचारमा दक्षिण कोरियामा पनि पछिल्लो समयमा संक्रमितहरुको संख्या बढ्दै गएको देखिएको छ। दक्षिण कोरियाको सरकारले गएको जुन ३ तारिखदेखि कोरोना भाइरसको परीक्षण शुरु गरेको थियो। त्यस यता आजसम्ममा यहाँको सरकारले करिब १३ लाख ७० हजार भन्दा बढी व्यक्तिको परीक्षण गरेको जनाएको छ।

अस्ट्रेलियाको मेलबोर्नमा छ हप्ते लकडाउन शुरु

मेलबोर्न, एएफपी - कोरोनाभाइरसबाट संक्रमित व्यक्तिको संख्या बढ्न थालेपछि अस्ट्रेलियाको दोस्रो ठूलो शहर मेलबोर्नमा बिहीबारदेखि लागू हुनेगरी लकडाउन घोषणा गरिएको छ। कोरोनाभाइरस फैलिने क्रम नरोकिएपछि अधिकारीहरुले शहरबासीलाई छ सातासम्म घरभित्रै बस्न आदेश दिएका छन्। भिक्टोरिया राज्यमा बिहीबार अरु १६५ जनामा संक्रमण देखिएको थियो। यस राज्यमा अरु राज्यबाट हुने आवातजावतमा पूर्ण रुपमा प्रतिबन्ध समेत लगाइएको छ। लकडाउनको सम्भावना रहेसँगै छिमेकी राज्य न्यू साउथ वेल्सबाट मानिसहरु बुधबार ठूलो संख्यामा भिक्टोरिया प्रवेश गरेका छन्। प्रहरीका अनुसार ३६ घण्टाभन्दा कम अवधिमा ३० हजारभन्दा बढी कार भिक्टोरिया प्रवेश गरेका छन्। यसबाट भिक्टोरियाका अरु क्षेत्रमा पनि कोरोनाभाइरसको संक्रमण अरु बढ्ने खतरा औंल्याइएको छ।

न्यू साउथ वेल्सका प्रमुख ग्लाडिज बेरेजीक्लियानले सीमावर्ती शहर अल्बरीमा दुई जना नयाँ संक्रमित भेटिएको जनाउँदै अन्य राज्यको भ्रमण गर्दा विशेष सावधानी अपनाउन चेतावनी दिए। क्विन्सल्यान्ड राज्यले पनि बिहीबार भिक्टोरियाबाट हुने आवागमनलाई निषेध गरिएको घोषणा गरेको छ। क्विन्सल्यान्डले यसअघि अन्य राज्यबाट आउने यात्रुलाई १४ दिन क्वारेन्टाइनमा बस्नै पर्ने नियम पनि हाल स्थगित गरेको जनाएको छ। मेलबोर्नमा लकडाउनका कारण उत्पन्न हुनसक्ने आर्थिक तथा मानसिक स्वास्थ्यमाथिको असरका बारेमा चासो र चिन्ता व्यक्त हुन थालेको छ। अधिकारीहरुका अनुसार यस लकडाउनबाट राज्यमा करिब ४ अर्ब २० करोड डलर बराबरको आर्थिक क्षति हुनेछ।

मेलबोर्नमा रेस्टुराँ र क्याफेहरु आंशिक खुल्न दिइने छ, तर जिम, सौन्दर्य सैलुन र चलचित्र प्रदर्शनमाथि पूर्ण प्रतिबन्ध लगाइएको छ। आम मानिसलाई घरभित्रै बस्न भनिएको छ, तर कार्यलयका काम, शारीरिक अभ्यास, स्वास्थ्य सेवा वा अत्यावश्यक सामान खरिद गर्नेगरी काममा निस्कन दिइने छ। सरकारले कडा नियम घोषणा गरे पनि धेरैजसो मानिसले प्रतिबन्धहरुको स्वागत गरेका छन्।

मेलबोर्नमा सरकारी स्वास्थ्य अधिकारीहरु मानिसको स्वास्थ्य परीक्षणका लागि अहिले घरघरमा पुगेका छन्। अस्ट्रेलियामा हालसम्म कोविड-१९ बाट करिब ९ हजार व्यक्तिमात्र संक्रमित भएका र १०६ जनाको मृत्यु भएको छ। भिक्टोरिया राज्यबाहेक अस्ट्रेलियामा ज्यादै न्यून संख्यामा संक्रमित भेटिएका छन्। अधिकांश संक्रमित व्यक्तिहरु विदेशबाट फर्किएका र होटलमा क्वारेन्टिनमा बसेकाहरु रहेका छन्।

इस्तानबुलमा १० जना शंकास्पद इस्लामिक लडाकू गिरफ्तार

इस्तानबुल, सिन्हुवा- टर्कीको प्रहरीले इस्लामिक स्टेट (आइएस) विद्रोही समूहसँग आबद्ध रहेको आशंकामा १० जना विदेशी नागरिकलाई प्रक्राउ गरेको छ। इस्तानबुलको प्रहरीको प्रतिआतंकवादी इकाईले शहरका विभिन्न १४ ठाउँमा छापा मारेर ती शंकास्पद व्यक्ति पक्राउ गरेको हो। पक्राउ परेका व्यक्तिले सामाजिक संजालबाट इस्लामिक स्टेटका बारेमा संगठनात्मक जानकारीहरु प्रवाह गरेका थिए।

प्रहरीले पक्राउ परेका व्यक्तिहरुका साथबाट पिस्तोल र वायरलेस संचार साधन पनि बरामद गरेको जनाएको छ। प्रहरीले पछिल्ला दिनहरुमा इस्तानबुलमा इस्लामिक स्टेटका लडाकू लुकेर बसेका सम्भावित ठाउँमा निरन्तर छापा मारिरहेको छ। गत साता विदेशी सहित १७ जना शंकास्पद व्यक्ति गिरफ्तार भएका थिए। यी व्यक्तिको आइएस समूहसँग आबद्धता रहेको आशंका गरिएको थियो। टर्कीमा केही वर्षदेखि भइरहेका घातक आक्रमणमा आइएस समूहको संलग्नता रहेको पुष्टि भएका थिए। यी घटनामा ३०० भन्दा बढी व्यक्तिको ज्यान गइसकेको छ।

कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०७७/०३/२६

यस कम्पनीको मिति २०७१/१०/०४ मा सम्पन्न वार्षिक/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **हिमालय एक्सपीडिसन्स ईकं प्रा.लि. (प्रा.लि.नं. १९२८३०)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७२/०४/१४ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **हिमालय एक्सपीडिसन्स प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

सुर्ती, चुरोट, गुट्खा, पान ।
यसले लिन्छ हाम्रो ज्यान ।
सार्वजनिक स्थानमा सुर्तीजन्य पदार्थको प्रयोग गर्नु कानूनी रुपमा दण्डनीय कार्य हो ।
सामुदायिक वातावरणीय वकिास नेपाल
बालाजु-१६, काठमाडौं
नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य कर कोषको सचिवालय
रामसाहपथ, काठमाडौं

म.क्षे.हु.नि.द.नं. ३३/०७६/०७७

गभर्नरले भने

साँवा र ब्याज तिर्ने चिन्ता नलिनू

मध्यान्ह संवाददाता
काठमाडैं, २५ असार

नेपाल राष्ट्र बैंकले आगामी आर्थिक वर्षका लागि मौद्रिक नीति असारमा ल्याउन नसक्ने स्पष्ट पारेको छ। विहीबार मौद्रिक नीतिका सम्बन्धमा भर्चुअल छलफलमार्फत गभर्नर महाप्रसाद अधिकारीले ऋण तिर्न नसक्नेलाई समय थप गर्ने बताए । 'प्राविधिक कारणले मौद्रिक नीति साउनको पहिलो साता मा मात्र ल्याउनुपर्ने हुन्छ' गभर्नर अधिकारीले भने, 'बैंक तथा वित्तिय संस्था र उद्योगी व्यवसायी आत्तिन पर्दैन, ऋण तिर्ने समय थप हुन्छ ।' उनले बैंकिङ प्रणालीमा समस्या आउदा समग्र अर्थतन्त्रमा नै समस्या पर्ने भन्दै बैंकिङ क्षेत्रलाई जोगाउनु पर्ने बताए । 'सक्नेले असार ममान्त भित्र ऋणको किस्ताबुझाउनुहोस्, उनले भने, नसक्नेलाई राष्ट्र बैंकले हेर्छ ।' राष्ट्र बैंकले ऋणको साँवा र व्याजतिर्नका लागि असार मसान्तको समय सीमा तोकेपछि बैंकहरुले ऋण तिर्नका लागि ताकेता गर्न थालेका छन् । जसको कारण कोरोनाले समस्यामा परेका उद्योगहरु मर्कामा परेको भन्दै उद्योग बाणिज्य महासंघ (एफएनसीसीआई) ले बुधबार एक प्रेस विज्ञप्ति जारी गरी असार मसान्त भित्रमा नै मौद्रिक नीति ल्याउन आग्रह गरेको थियो। मौद्रिक नीति असार मसान्त भित्रमा नै ल्याएर निजी क्षेत्रले लिएको ऋणको पुँजीकरण गर्ने काम गर्नका लागि राष्ट्र बैंकसँग आग्रह गरेको थियो। असार मसान्तभित्र सावाँ र व्याजको भुक्तानी गर्नुपर्ने अवधि सकिने र बैंकहरुले सावा र व्याज भुक्तानीको लागि दवाव दिन सुरु गरेकोले अर्थतन्त्र पुर्णरुपमा चलायमान नहुन्जेल सावाँ र व्याजको भुक्तानीको समयावधि बढाउने व्यवस्था मौद्रिक नीतिमार्फत गर्न महासंघले माग गरेको थियो ।

महासंघले विज्ञप्ती जारी गरेको भोलिपल्ट गभर्नर अधिकारीले ऋण तिर्नका लागि दवाव नदिन बैंकहरुलाई आग्रह समेत गरे। उनले आगामी मौद्रिक नीतिमार्फत ऋणको पुनर्तालिकीकरण, व्याजपुँजीकरण लगायतका विषयमा ऋणीहरुलाई मर्का नपर्ने र बैंकहरुलाई पनि असहज नहुने गरी व्यवस्था गरिने बताए । गभर्नर अधिकारीले कोभिड १९ का कारण उत्पन्न भएको असहज अवस्था विस्तारै सहज हुँदै गएको दावी गरे । 'तथ्यांकले नेपालको अर्थतन्त्रविस्तारै पुनचलायमानहुदै गइरहेको छ ।' उनले भने, 'चैत र बैशाख महिनामा निक्षेपमात्र बढे पनि जेठमा मात्र ४० अर्ब रुपैयाँ कर्जा प्रबाह भएको छ ।'

एनआईसी एशिया लघुवित्त वित्तीय संस्थाको साधारण शेयर नेप्सेमा सुचिकृत

काठमाडौं/मस-एनआईसी एशिया लघुवित्त वित्तीय संस्थाको सेयर नेप्सेमा सुचिकृत भएको छ। बुधबार कम्पनीको सर्वसाधारणमा वितरण गरिएको ४७ लाख ५५ हजार कित्ता र संस्थापक १ करोड ४५ हजार कित्ता समेत गरी जम्मा १ करोड ४८ ४८ लाख कित्ता साधारण सेयर नेपाल स्टक एकसचेन्जमा सुचिकृत भएको हो। धितोपत्र बोर्डबाट गत चैत ४ गते स्वीकृत विवरणपत्रमा भएको व्यवस्था तथा सामूहिक लगानी कोष नियमावली २०६७ को नियम ४६ मा भएको व्यवस्था बमोजिम सर्वसाधारणमा निष्काशन गर्नु अगावै ११ वटा सामुहिक लगानी कोषहरुको १८ वटा योजनाहरुबाट कुल २,३७,८०,००० कित्ता शेयर माग गरी आवेदन प्राप्त भएकोले ११ वटा सामुहिक लगानी कोषहरुको १८ वटा योजनाहरुलाई माग गरेको अनुपातमा समानुपातिक हिसावले जम्मा २,३७,८०० कित्ता शेयर बाँडफाँड भएको थियो । यस्तै कर्मचारीहरुलाई ७४,००० कित्ता शेयर छुट्टाइएकोमा १६६ जना कर्मचारीहरुबाट ७४,००० कित्ता शेयर बाँडफाँड गरी बाँकी सर्वसाधारणहरुलाई छुट्याईएको प्राथमिक निष्काशन ४४,४३,२०० कित्ता शेयर सर्वसाधरणको लागि विक्री खुल्ला गरिएको शेयर निष्काशन मिति २०७७/०३/१४ गते (बैंकिङ्ग समय पश्चात) निष्काशन बन्द भएको थियो ।

संस्थाले आ.व. २०७६/७७ को तेस्रो त्रैमाससम्ममा कर्जा लगानी रू. ७ अर्ब २२ करोड पुर्‍याउन सफल भएको छ र बचत संकलन तर्फ रू. १ अर्ब १ करोड पुर्‍याउन वित्तीय संस्था सफल भएको छ। वित्तीय संस्थाले आफ्नो रणनीति अनुसार कर्जा लगानीलाई विविधिकरण गर्दै आएको छ। यस त्रैमासमा वित्तीय संस्थाको निश्कृय कर्जा अनुपात ०.३२ % र प्रतिशेयर आम्दानी रु १६.३० रहेको छ।

ग्लोबल आइएमई बैंकद्वारा गण्डकी प्रदेशलाई आर्थिक सहयोग

काठमाडौं/मस-ग्लोबल आइएमई बैंकले कोरोना रोकथाम तथा नियन्त्रणका लागि गण्डकी प्रदेश सरकारलाई १० लाख रुपैयाँ सहयोग गरेको छ । बिहीबार एक कार्यक्रमकाबीच बैंकको गण्डकी प्रादेशिक कार्यालय प्रमुख महेश सिलवालले गण्डकी प्रदेश सरकारका माननीय मुख्यमन्त्री पृथ्वी सुब्बा गुरुङलाई उक्त रकमको चेक हस्तान्तरण गरेका हुन । उक्त कार्यक्रममा बोल्दै मुख्यमन्त्री गुरुङले कोराना रोकथाम तथा नियन्त्रणका लागि सहयोग प्रदान गरेकोमा बैंकलाई धन्यवाद दिएका हुन। कोभिड - १९ ले आम विश्व समुदायलाई त्रसित बनाइरहेको अवस्थामा नेपाल र नेपाली उच्च जोखिममा रहेको यस घडीमा यस योगदानबाट यो भाईरस विरुद्व लड्न थप प्रेरणा र सहयोग हुने विश्वास बैंकले लिएको छ । बैंकले स्थापनाकाल देखि नै दैवी तथा अन्य विपत्तीको अवस्थामा आफनो सामाजिक उत्तरदायित्वलाई प्राथमिकतामा राखेर विभिन्न कार्यहरुमा सहयोग गर्दै आएको छ र आगामी दिनहरुमा समेत यस्तो सहयोग लाई निरन्तरता दिँदै जानेछ ।

नवलपरासीमा पहिलोपटक एफटीटीएचमा आधारित नेपाल टेलिकमको टेलिफोन सेवा

काठमाडौं/मस- नेपाल टेलिकमले प्रदेश नम्बर ५ मा पहिलो पटक नवलपरासी जिल्लामा रहेको दूरसञ्चार कार्यालय बर्दघाटको पुरानो प्रविधिको तारवाला फोन (पीएसटीएन) लाई फाइबरमा आधारित एफटिटिएच सेवाले पूर्णरुपमा विस्थापित गरेको छ । बर्दघाटमा २०५६ साल चैत्र महिनामा १५० लाइन क्षमताको सि डट एक्सचेञ्जबाट टेलिफोन सेवा शुरु गरिएकोमा २०६० सालमा १००० क्षमताको जे र्‍याक प्रणाली जडान गरिएको थियो । २०७२ सालमा ८९६ लाइन क्षमताको एमसान जडान गरी इन्टरनेट सेवा विस्तार गरियो । सो पश्चात ग्राहकको अत्यधिक मागका कारण ३००० लाइन क्षमताको ओएलटी एक्सचेञ्ज जडान गरी ०७६ श्रावण २३ गतेबाट अप्टिकल फाइबरमा आधारित एफटिटिएच सेवाको वितरण शुरु गरिएको थियो । नयाँ एक्सचेञ्जबाट ग्राहकले टेलिफोन र इन्टरनेट सेवा उपयोग गर्न सक्दछन् भने कम्पनीले भविष्यमा वितरण गर्ने आइपिटिभी सेवा पनि प्राप्त गर्न सक्नेछन् ।

सामाजिक दुरी कायम गर्दै कम्पनीको कार्यालयमा आयोजित एक कार्यक्रममा बर्दघाट नगरपालिका प्रमुख धिरज शर्मा वस्यालले बर्दघाट नगरभित्र अत्याधुनिक दूरसञ्चार सेवा उपलब्ध गराएकोमा नेपाल टेलिकमलाई धन्यवाद दिंदै ग्रामीण भेगमा पनि उच्च गतिको इन्टरनेट सेवा उपलब्ध गराउन अनुरोध गरे। उनले नगरका सबै जनतालाई सञ्चार सेवा उपलब्ध गराउनका लागि नगरपालिकाले आवश्यक सहयोग गर्ने प्रतिबद्धता पनि व्यक्त गरे ।

नेपाल टेलिकम प्रादेशिक निर्देशनालय भैरहवाका निर्देशक सूर्यनारायण मालाकारले आगामी दिनमा अझ बढी गुणस्तरीय सेवा प्रदान गर्दै निर्देशनालयभित्र पर्ने सबै स्थानहरुमा अत्याधुनिक प्रविधिका दूरसञ्चार सेवाहरु क्रमश: विस्तार गरिने बताए । नेपाल टेलिकमले मुलुकभरी हालसम्म ७० हजारभन्दा बढी एफटिटिएच लाइन वितरण गरिसकेको छ । प्राविधिक रुपले सम्भव हुने अन्य स्थानहरुमा पनि कम्पनीले सेवाको स्तरोन्नति गर्दै लैजाने छ ।

दोलखामा दश वटा सहकारी एकीकरण

राजन बस्नेत/मध्यान्ह
दोलखा, २५ असार

दोलखामा दश वटा सहकारी एकीकरण भएका छन्। एकीकरणपछि संस्थाको नाम मिलिजुली कालिञ्चोक बचत तथा ऋण सहकारी संस्था रहनेगरी एकीकरण स्विकृत पाएका हुन् ।

मिलिजुली साकोस, श्री धर्तिमाता साकोस श्री प्रगतिशिल परोपकार साकोस, एकता साकोस, श्री ध्रुवतारा कृषि सहकारी, श्री च्यासे भगवती साकोस, लामपोखरी कृषि सहाकारी, श्री जल्पाश्वरी महिला कृषि सहकारी, श्री शुभलक्ष्मी साकोस र श्री गगनचुम्बी साकोसबीच एकीकरण भई मिलिजुली कालिञ्चोक बचत तथा ऋण सहकारी संस्थाको बनेको संस्थाका व्यवस्थापक ईश्वर न्यौपानेले मध्यान्ह दैनिकलाई जानकारी दिए ।

प्रदेश सरकारको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले असार ५ गते एकीकरणको अनुमतिपत्र दिएको हो। दशवटा संस्था एकीकरण पश्चात हाल मिलिजुली कालिञ्चोक बचत तथा ऋण सहकारी संस्थामा महिला शेयर सदस्य ११ हजार ४ सय ९० जना, पुरुष शेयर सदस्य १० हजार १ सय ५२ जना र बालबचतकर्ता ८ हजार ३ सय ६८ गरी कुल ३० हजार १० जना रहेका छन् । एकीकरण पश्चात संस्थाको कुल पुंजी १ अर्ब १८ करोड १० लाख ९० हजार ५ सय र शेयर पूँजी ९ करोड ४० लाख १८ हजार ९ सय रुपैंया रहेको संस्थाका प्रमुख कार्यकारी अधिकृत न्यौपानेले बताए।

भुकम्प पीडितका ५ लाख घरको पुनर्निर्माण सम्पन्न

मध्यान्ह संवाददाता
काठमाडौं, २५ असार

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले भूकम्पबाट क्षति भएका मध्ये ५ लाख भन्दा धेरै घरको पुनर्निर्माण सम्पन्न भएको जानकारी दिएको छ। संघीय संसदको विकास समिति तथा प्रविधि समितिको बैठकमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवालीले ५ लाख ७ हजार ६ सय २३ घरको पुनर्निर्माण सम्पन्न भएको र २ लाख २ हजार ६ सय ४३ घर पुनर्निर्माणको क्रममा रहेको बताए । घर पुनर्निर्माणका लागि ७ लाख ८६ हजार १ सय ४४ घरधनीले अनुदान सम्झौता गरेका थिए। त्यसमध्ये ६५ प्रतिशतको घर पुनर्निर्माण सम्पन्न भएको छ भने २५ प्रतिशतको घर पुनर्निर्माणको क्रममा छन् । भूकम्पबाट सबैभन्दा धेरै मानवीय क्षति पुगेको सिन्धुपाल्चोक जिल्लामा सबैभन्दा धेरै ७० हजार ९७ घर पुनर्निर्माण सम्पन्न भएका छन् । नुवाकोट जिल्लामा ६४ हजार १ सय २४ र २०७२ वैशाख १२ को भूकम्पको केन्द्रबिन्दु रहेको गोरखा जिल्लामा ५६ हजार घर पुनर्निर्माण सम्पन्न भएका छन् । प्रमुख कार्यकारी अधिकृत ज्ञवालीले प्राधिकरणले ६ लाख भन्दा बढी गुनासाहरु सम्बोधन गरेको जानकारी दिँदै प्राधिकरणको निर्णयमा चित्त नबुझे पुनरावेदन समितिमा उजुरी दिन सकिने बताए । उनले भूमिहीन र सुकुम्बासी लाभग्राहीका बारेमा सबै टुङ्गो लागिसकेको र जोखिमयुक्त बस्ती स्थानान्तरणका लाभग्राहीलाई सुरक्षित ठाउँमा जग्गा खरिद तथा व्यवस्थापन भएको जानकारी दिए। प्रमुख कार्यकारी अधिकृत ज्ञवालीले एकीकृत बस्ती पुनर्निर्माणका लागि ८६ वटा प्रस्ताव प्राप्त भएकोमा भूकम्प प्रभावित क्षेत्रका विभिन्न ठाउँमा आकर्षक एकीकृत बस्तीहरु बन्दै गरेको बताए । समितिको बैठकमा प्राधिकरणले विद्यालय पुनर्निर्माण, पुरातात्विक महत्वका सम्पदा, स्वास्थ्य संस्था, सरकारी भवन, सुरक्षा निकायका भवन पुनर्निर्माणबारे जानकारी गराएको थियो । मिति सभापति कल्याणीकुमारी खड्काले निजी आवास, विद्यालय पुनर्निर्माण राम्रोसँग अघि बढेको भन्दै सम्पदा पुनर्निर्माणलाई अझ छिटो अघि बढाउन निर्देशन दिएकी छन् । उनले प्राधिकरणको सयमावधिबारे छिट्टै टुङ्गो लगाउनु पर्ने बताईन । प्राधिकरणको म्याद आगामी पुसमा सकिंदैछ । भूकम्पबाट प्रभावित संरचनाहरुको पुनर्निर्माण सम्बन्धी ऐन, २०७२ मा नेपाल सरकारले आवश्यक ठानेमा एक वर्ष थप्न सक्ने प्रावधान छ । बैठकमा सांसदहरुले गुम्बा पुनर्निर्माणमा विशेष ध्यान दिन प्राधिकरणलाई आग्रह गरेका थिए । प्राधिकरणले ४ सय २ वटा गुम्बाको मर्मत सम्भारको काम भएको र पुनर्निर्माण गर्नुपर्ने १ सय १७ वटा गुम्बा पुनर्निर्माणका लागि आगामी आर्थिक वर्षमा कार्यक्रम परेको जनाएको छ । बैठकमा सांसदहरु जिपछिरिङ लामा, यज्ञराज सुनुवार, रामबहादुर विष्ट, गणेश पहाडी, रंगमती शाही, गणेश पहाडीले निजी आवास, सम्पदा, धरहरा, रानीपोखरी, सिंहदरबार पुनर्निर्माण लगायतबारे जिज्ञासा राखेका थिए। प्रमुख कार्यकारी अधिकृत ज्ञवालीले विकास समिति लगायत सबैको सहयोगले पुनर्निर्माणमा महत्वपूर्ण उपलब्धी हासिल भएको भन्दै राम्रा काममा अपनत्व लिन र कमीकमजोरी सुधारका लागि सुझाव दिन आग्रह गरेका छन् ।

ज्योति विकास बैंकको प्रमुख कार्यकारी अधिकृतमा श्रीचन्द्र भट्ट नियुक्त

काठमाडौं/मस-ज्योति विकास बैंकको सञ्चालक समितिको मिति २०७७ साल असार २५ गते बसेको बैठकले श्रीचन्द्र भट्टलाई प्रमुख कार्यकारी अधिकृतको रुपमा नियुक्त गरेको छ । नवनियुक्त प्रमुख कार्यकारी अधिकृत भट्टले यहि आउँदो श्रावण ७ गते बुधबार देखि आफ्नो ४ वर्षीय कार्यभार सम्हाल्नेछन्। नेपाल इन्भेष्टमेन्ट बैंकबाट बैंकिङ्ग क्षेत्रमा प्रवेश गरेका भट्टको बैंक , बीमा र रेमिट गरि आर्थिक क्षेत्रमा २ दशक भन्दा बढीको अनुभव रहेको छ। नवनियुक्त प्रमुख कार्यकारी अधिकृत भट्टले नेपाल इन्भेष्टमेन्ट बैंकमा सहायक महाप्रबन्धक, मेघा बैंकमा नायब प्रमुख कार्यकारी अधिकृत र आइएमइ लाइफ इन्स्योरेन्स कम्पनीमा प्रमुख कार्यकारी अधिकृतको रुपमा कार्यभार सम्हालेका थिए। भट्टको विभिन्न क्षेत्रमा उच्चस्तरिय र सशक्त अनुभव रहेको छ। हाल ज्योति विकास बैंकले १ सय ५ शाखा कार्यालय, १ एक्सटेन्सन काउन्टर तथा ५८ वटा एटीएममार्फत सेवा उपलव्ध गराउँदै आईरहेको छ। हालसम्म बैंकले ३ लाख भन्दा बढि खाताबाट करिब रु. ३५ अर्ब निक्षेप संकलन गरी २० हजारभन्दा बढि ऋणीलाई करिब रु. ३० अर्व लगानी गर्न सफल भएको छ।

विज्ञापन रकम भुक्तानीबारे

अत्यन्त जरूरी सूचना

यस **मध्यान्ह मिडिया प्रा.लि.**मार्फत विभिन्न पत्र पत्रिकामा विज्ञापन प्रकाशन गरी कारोबार गर्दै आउनुभएका **विज्ञापनदाताहरू**ले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको बाँकी बक्यौता रकम यही **मिति २०७७ असार मसान्त**भित्र भुक्तानी गर्नुहुन पुन सूचित गरिन्छ ।

अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस **मध्यान्ह मिडिया प्रा.लि.** को रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हाल उपलब्ध गराइएको सुबिधासमेत उपलब्ध नगराइने तथा रकम भुक्तन नगर्ने कम्पनी/संस्थाहरुको नाम सार्वजनिक गरी रकम भुक्तानीका लागि कानून बमोजिम कार्बाही समेत अगाडी बढाइने व्यहोरा यसै सूचनामार्फत जानकारी गराइन्छ ।

लेखा शाखा

मध्यान्ह मिडिया प्रा.लि.
बागबजार, काठमाडौं
फोन नं. : ४२२६३६६, ४२२८२९८

www.madhyanhadaily.com
मध्यान्ह दैनिकको
facebook Page
Madhyanha News

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
डि. आर. ट्रेडिङ्ग कन्सर्न
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८१३२५४२७५

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर
नयाँ बसपार्कमा पनि खुलेको
यात्रुहरूलाई जानकारी गराईन्छ ।
सम्पर्क : कलंकी : फोन : ४२८१९७२
प्रेम रतन डिलक्स काठमाडौं-गौर, सम्पर्क : ९८५१०६३०४२ (प्रेम)
ग्यालक्सि डिलक्स : लालवन्दी-मलंगवा
९८१३६६६७०० रामहरी

अब जनता बोल्छन्, जनतापाटी सँगै...
जनतापाटी
www.janatapati.com
Janatapatinews YouTube Janatapati Janatapati

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: बागबजार, काठमाडौं, फोन: ४२२६३६६, ४२२८२९८ ई-मेल: madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**